अनुसूची-१

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

## देवानगञ्ज गाउँपालिका

# देवानगञ्ज राजपत्र

खण्ड :४ भाग :२ मिति :२०८१।०९।२६

## भाग-२

## देवानगञ्ज गाउँपालिका

### देवानगञ्ज गाउँपालिकाको आर्थिक सहायता कार्यबिधि (पहिलो संशोधन), २०७९

आज्ञाले,

सुधिर साफी

प्रमुख प्रशासकीय अधिकृत

# देवानगञ्ज गाउँपालिकाको आर्थिक सहायता कार्यबिधि (पहिलो संशोधन), २०७९

*प्रमाणीकरण मिति २०८१।०९।२६*

## संशोधन तथा नयाँ थप गर्नु पर्ने परिच्छेद तथा दफा/उपदफाहरुः-

परिच्छेद–२ को आर्थिक सहायता सम्बन्धी मापदण्ड सम्बन्धी व्यवस्थाको दफा ४ को उपदफा (क) मा देहाय बमोजिमको व्यबस्था नयाँ थप गर्नेः धार्मिक तथा सांस्कृतिक मठ–मन्दिरमा पूजा–पाठ तथा संरक्षणसम्बन्धी कार्य, असहाय तथा विपन्न परिवारका सदस्यको उपचार खर्च तथा यस्तै प्रकृतिका सामाजिक तथा मानवीय सहायता उपलब्ध गराउने कार्यक्रमका लागि देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछः

(१) वडा तहबाट उपलब्ध गराइने आर्थिक सहायताको हकमा रु. १०,०००।– (दश हजार रुपैयाँ) सम्म वडा अध्यक्षको तोक आदेशबाट उपलब्ध गराउन सकिनेछ।

(२) उपखण्ड (१) मा उल्लिखित रकमभन्दा बढी आर्थिक सहायता आवश्यक भएमा वडा कार्यालयको निर्णयबमोजिम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(३) गाउँपालिकाबाट उपलब्ध गराइने आर्थिक सहायताको हकमा रु. ३१,०००।– (एकतीस हजार रुपैयाँ) सम्म गाउँपालिका अध्यक्षको तोक आदेशबाट उपलब्ध गराउन सकिनेछ।

(४) उपखण्ड (३) मा उल्लिखित रकमभन्दा बढी आर्थिक सहायता उपलब्ध गराउनुपर्ने भएमा गाउँ कार्यपालिकाको निर्णयबमोजिम आर्थिक सहायता उपलब्ध गराइनेछ।

(५) यस दफा बमोजिम आर्थिक सहायता उपलब्ध गराउँदा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही आवश्यक प्रमाण तथा कागजात संलग्न गर्नुपर्नेछ।"